कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २४ | अंक: २९३ | वि.सं. २०८१ फागुन २ शुक्रवार | नेपाल संवत: ११४४, फागुन कृष्ण द्वितीया | Friday 14 February 2025 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५।-

# कर्णालीमा ६ वर्षको अवधिमा बने ६ सय सामुदायिक विद्यालयका भवन

## कक्षा कोठामा विद्यार्थीको उपस्थिती भने न्यून

**ओम शाही**
**सुर्खेत, १ फागुन ।**

कर्णाली प्रदेश सरकारले ६ वर्षको अवधिमा प्रदेशभर ६ सय ९१ वटा विद्यालय भवन निर्माण गरेको छ। आर्थिक वर्ष २०७५/०७६ देखि गत आर्थिक वर्ष २०८०/०८१ सम्म प्रदेशको सामाजिक विकास मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरुबाट प्रदेशभर ६ सय ९१ विद्यालयका भवनमा दुई हजार चार सय पाँच कक्षा कोठाहरु निर्माण गरिएका हुन् ।

शिक्षा विकास निर्देशनालयले उपलब्ध गराएको तथ्यांकमा प्रदेशका १० वटै जिल्लामा दुई कोठे, तीन कोठे, चार कोठ र ६ कोठे विद्यालय भवनहरु निर्माण गरिएको उल्लेख छ । तथ्यांक अनुसार आर्थिक वर्ष २०७५/०७६ मा ९९ वटा दुई कोठे, २४ वटा तीन कोठे र एक सय ३२ वटा ६ कोठे गरी एक सय ५५ विद्यालय भवन निर्माण भएका छन् ।

बाँकी ३ पेजमा




### आठ सय कक्षा कोठामा पाँच भन्दा कम छन् विद्यार्थी

राज्यले कर्णालीको शिक्षामा ठुलो लगानी गर्दै आएको भएपनि कक्षा कोठामा उपस्थित हुने विद्यार्थीको संख्या भने न्यून रहेको सरकारी तथ्यांकले नै पुष्टि गर्दछ। शिक्षा तथा मानवस्रोत विकास केन्द्र सानोठिमी भक्तपुरका अनुसार कर्णालीका आठ सय चार कक्षा कोठामा पाँचभन्दा कम विद्यार्थी अध्ययनरत छन् ।

बाँकी ३ पेजमा

### विषयगत शिक्षकको अभाव

प्रदेश सरकारले विद्यालयमा भौतिकतर्फको लगानी बढाउदै लगेको भएपनि कर्णालीमा अझै पनि पाँच हजार बढी विषयगत शिक्षको दरबन्दी रिक्त छ। सामाजिक विकास मन्त्रालयको तथ्यांक अनुसार कर्णालीमा अझै पनि पाँच हजार पाँच सय ४९ शिक्षकको दरबन्दी रिक्त छ। कर्णालीमा दुई हजार नौ सय ८४ सामुदायिक विद्यालयमा ११ हजार आठ सय ६५ दरबन्दीमा मात्र शिक्षक छन् । हाल विद्यालयका आधारमा १७ हजार तीन सय ८४ शिक्षक हुनुपर्ने हो।

मन्त्रालयको तथ्यांक अनुसार नौ सय २७ प्राविमा ६ सय ४४ जना शिक्षक अपुग छन् । यसमा हुनुपर्ने शिक्षक दरबन्दी आठ हजार सात सय ९३ हो । यस्तै, एक हजार एक सय ४० निम्नमाध्यमिक विद्यालयमा

बाँकी ४ पेजमा

# लोप हुँदै पत्थरकट्टा पेशा नयाँ पुस्ताले खोज्दै वैकल्पिक बाटो

**सरला सुवेदी**
**बाँके, १ फागुन ।**

नेपालमा परापूर्वकालदेखि प्रयोग हुँदै आएको जाँतो, सिलौटो र ओखलजस्ता ढुंगे सामग्रीहरूको प्रयोग क्रमशः घट्दै गएको छ। प्रविधिको विकास, आधुनिक उपकरणको सहज उपलब्धता, र बदलिंदो जीवनशैलीका कारण परम्परागत ढुंगे सामग्रीप्रति सर्वसाधारणको आकर्षण घट्दो क्रममा छ। यस्तै परिवर्तित परिस्थितिले बाँकेका पत्थरकट्टा समुदायलाई आफ्नो पुर्खौली पेशा बचाउन कठिन बनाएको छ।

भारतबाट नेपाल आएका रमेश पथरकट्टाको परिवार अहिले पनि यही पेशामा संलग्न छ। उनका ४१ वर्षीय नाती रोहन पथरकट्टाले पहिले जस्तो बिक्री नभएको बताए "पहिले दिनहुँ ५-७ वटा जाँतो वा सिलौटो बेचिन्थ्यो, अहिले एउटा बेच्न पनि गाह्रो छ'' उनले भने। प्रविधिको सहज पहुँचका कारण ढुंगे सामग्रीको माग घटेको उनको बुझाई छ।

त्यसै पेशामा संलग्न ३० वर्षीय दीपक पथरकट्टाले व्यवसाय कठिन बन्दै गएको अनुभव साझा गरे। "हामीले यो काम सिक्दा राम्रो आम्दानी हुने आशा थियो, तर अहिले अवस्था बदलिएको छ। गाउँमा मात्र केही बिक्री हुन्छ, सहरमा त प्रायः कोही किन्ने मान्छे भेटिँदैन," उनले भने उनका अनुसार गाउँ-गाउँ साइकलमा बोकेर बेच्न जानुपर्ने बाध्यता रहेको छ।

२४ वर्षीय अमर पथरकट्टा अहिले पेशा बदल्ने सोचमा छन। "बुबा-हजुरबुबाको पेशा भए पनि यसबाट टिक्नै गाह्रो छ। नयाँ पुस्ताले रोजगारी खोज्नुपर्छ, उच्च शिक्षा नै हाम्रो विकल्प जस्तो लाग्छ'' उनले भने। अमर हाल व्यवसायसँगै प्राविधिक शिक्षाको खोजीमा रहेका छन्।

बाँकेको डुडुवा गाउँपालिका वडा नं. ४ की ज्ञानमता कुर्मीको भनाइमा, प्रविधिको विकासले ढुंगे सामग्रीको प्रयोग घटाएको छ। "पहिला मसला, अचार पिस्न सिलौटो अनि दाल, चामल पिस्न जाँतो चलाउँथ्यौं। तर अहिले मिल र मिक्सरले सहज बनाइदिएको छ, "उनले भने। महिलाहरूले घरभित्र र बाहिर दोहोरो जिम्मेवारी सम्हाल्नुपर्ने भएकाले सिलौटो-जाँतोको प्रयोग घटेको उनको बुझाइ छ।

बाँकी ३ पेजमा

# गहुँमा उत्पादन अनुसारको अनुदान

**झलनाथ खनाल/रासस**
**कैलाली, १ फागुन ।**

कैलालीको जानकी गाउँपालिका-४ का शेरबहादुर थारुले गत वर्ष १० कट्ठा जग्गामा २० क्वीन्टल गहुँ उत्पादन गरे। गाउँपालिकाले उत्पादनका आधारमा अनुदान दिन थालेपछि खेतीमा निकै मिहिनेत गरेका उनले यस बर्ष त्यही जग्गामा २५ क्वीन्टल उत्पादन गर्ने लक्ष्य लिएका छन्। गत वर्ष शेरबहादुरले उत्पादनका आधारमा छ हजार ४०० अनुदान पाएका थिए।

"कुनै झन्झट छैन, गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिए, खेतमै पुगेर गहुँको तौल गरेर उत्पादनका आधारमा खातामा पैसा आउँछ", उनले भने "यसले किसानलाई मेहनेती बनाएको छ, उत्पादनमा पनि प्रतिस्पर्धा बढाएको छ।"

सोही वडाका सन्तलाल कठरिया पनि गाउँपालिकाको कृषि अनुदानबाट निकै प्रभावित भएका छन्। गाउँपालिकाले उपलब्ध गराएको अनुदान रकमले खेतीका लागि आवश्यक मलखाद खरिद गर्न पुगेको उनले बताए। किसानलाई उत्पादनमा आधारित अनुदानले प्रोत्साहित गरेको उनको बुझाई छ। "अनुदान पाउन कति कठिन छ त्यो सबैलाई थाहा भएको कुरा हो, सामान्य व्यक्ति सायद सरकारले वितरण गर्ने अनुदानको पहुँचमा पुग्न सकेको छैन", उनले भने, "यहाँ न कसैको शक्ति लाग्न पहुँचमा नै हुनुपर्छ, उत्पादन भयो भने अनुदान रकम खातामा आउँछ।"

किसान मोतीलाल चौधरीले गत वर्ष दुई बिघा पाँच कट्ठामा गहुँखेती गरे। उक्त जग्गामा मोतीलालले ९० क्वीन्टल गहुँ उत्पादन गरे। उत्पादनका आधारमा उनले गाउँपालिकाबाट रु ४१ हजार अनुदान प्राप्त गरेको बताए। "गत बर्षभन्दा यस वर्ष बढी मेहनत गरेर तीन बिघामा गहुँखेती गरेको छु, अनुदान पनि बढ्ने छ", उनले भने, "पाएको अनुदानले बीउ र मलखादका लागि पुग्छ।"

त्यस्तै किसान सविता कठरियाले चार बिघा क्षेत्रफलमा गहुँखेती गरेका छन्। उनी उत्पादनका आधारमा अनुदान पाउनेभन्दा पनि गाउँपालिकाबाट प्राविधिक खेतमै पुगेर सल्लाह दिँदा बढी खुसी छन्। उनले अनुदानका साथमा प्राविधिक सहयोग पनि पाइरहेका छन्। "हामी गाउँपालिकाको कामबाट निकै उत्साहित छौँ, बालीमा रोग लाग्दा समयमा उपचार पाएका छौँ, उत्पादन राम्रो हुँदा नगद अनुदान पाएका छौँ", उनले भने, "गहुँ जस्तै अन्य बालीमा पनि अनुदान दिन सक्यो भने कृषि प्रति अझै आकर्षण बढ्दै जाने देखिन्छ।"

गत वर्ष गाउँपालिकाले ६५ किसानलाई झण्डै रु नौ लाख अनुदान दिएको थियो। अनुदानका लागि ७२ जनाले आवेदन दिएका थिए। यस वर्ष त्यो सङ्ख्या बढेर २०५ पुगेको कृषि शाखा प्रमुख लालविर चौधरी बताए। उनका अनुसार किसानले खेती गरेको जग्गाको क्षेत्रफल नापजाँच गरेर बाली काटेपछि उत्पादनका आधारमा अनुदान रकम वितरण गर्ने गरिँदै आएको छ।

"गाउँपालिकाबाट प्राविधिकलाई किसानको खेतमै खटाएर त्यसको लागत ल्याउने काम गर्छौं, त्यसैका आधारमा किसानलाई अनुदान रकम दिने गरेका छौँ", उनले भने, "किसान यसबाट उत्साहित भएको हामीले पाएका छौँ, फेरि वास्तविक किसानले अनुदान पाएका छन्।" यसवर्ष गाउँपालिकाले अनुदानका लागि रु १४ लाख बजेट विनियोजन गरेको छ।

उत्पादनका आधारमा किसानलाई अनुदान वितरण गर्न गाउँपालिकाले कार्यविधि नै ल्याएको छ। कार्यविधिअनुसार अहिले गहुँ बालीमा दिइँदै आएको अनुदान अन्य बालीमा पनि विस्तार गर्दै लैजाने गाउँपालिकाको तयारी छ। "बीउ तथा मलखाद वितरण गरेर त्यसबाट कसले कति उत्पादन गर्न सक्यो त्यसको लेखाजोखा नहुने भएपछि नयाँ तरिका अपनाएका हौं", गाउँपालिका अध्यक्ष गणेश चौधरीले भने, "यसले किसानलाई उत्पादनसँग जोडेको छ भने किसान आफै उत्पादनका लागि प्रतिस्पर्धी बन्नुभएको छ।" उनका अनुसार किसानले खेतीमा राम्रो मेहनत गर्दै आएका छन्।

गाउँपालिकाले कृषि जस्तै शिक्षामा पनि नतिजाको आधारमा विद्यालयलाई अनुदान दिन थालेको छ। कक्षा-५, ८ र १० का विद्यार्थीको वार्षिक परिक्षाको नतिजाका आधारमा विद्यालयलाई अनुदान दिन थालेसँगै विद्यालयबीचमा पनि प्रतिस्पर्धा हुन थालेको छ। यो कार्यक्रमले शैक्षिक गुणस्तरमा टेवा पुग्ने विश्वास गाउँपालिकाले लिएको छ।







## सम्पादकीय....

# नागरिक कहिलेसम्म ठगिने ?

स्थानीयलाई रोजगारीसँगै जलविद्युत् आयोजनाको मालिक बनाउने मिठो सपना देखाएर २०६७ सालमा दैलेखको डुङ्गेश्वर गाउँपालिकामा २.१५ मेगावाटको पराजुली खोला जलविद्यत् आयोजना निर्माण थालियो । स्थानीयस्तरमा रोजगारी, बिजुलीसँगै आयोजनामा स्थानीयलाई शेयर पनि दिने गरी डुङ्गेश्वर गाउँपालिका-४ स्थित पराजुली खोलामा रारा हाइड्रोपावर डेभलपमेन्ट नामक कम्पनीले काम अघि बढायो । उक्त आयोजनामा कर्णाली प्रदेश सरकारसँगै डुङ्गेश्वर गाउँपालिकाले अपनत्व ग्रहण गर्न लगानी गर्ने घोषणा गरेका थिए । सो आयोजनाका लागि प्रदेश सरकारले ५ करोड र डुङ्गेश्वर गाउँपालिकाले २५ लाख रुपैयाँ बराबरको शेयर लगानी गर्ने घोषणा गरेका थिए । २३ चैत २०७८ मा बसेको कर्णाली प्रदेश सरकारको मन्त्रीपरिषद् बैठकबाट प्रदेश सरकारको जनताको जलविद्युत् (सञ्चालन र व्यवस्थापन) कार्यविधि-२०७५ बमोजिम अपर पराजुलीमा ५ करोड शेयर लगानी गर्ने निर्णय भएको थियो । तत्कालिन सरकारका प्रवक्ता एवं आर्थिक मामिला तथा योजना मन्त्री विन्दमान विष्टद्वारा जारी प्रेस नोटमा प्रदेश सरकारले २.१५ मेगावाटको अपर पराजुली खोला जलविद्युत् आयोजनाको प्रवर्तक रारा हाइड्रोपावर कम्पनीले गरेको आग्रहबमोजिम विद्युत् उत्पादन भई राष्ट्रिय प्रसारण लाइनमा जोडिएपछि शेयर कायम हुने गरी रकम सुनिश्चितताको प्रतिबद्धता जनाएको उल्लेख थियो ।

घरछेउमै आयोजना बन्न लागेपछि स्थानीयले पनि २५ हजारदेखि ५ लाखसम्म शेयरबापत लगानी गरेका थिए । स्थानीयको मात्रै होइन, सुर्खेत, दैलेखलगायत जिल्लाका अन्य लगानीकर्ताले करोडौँ रकम लगानी गरेका थिए । घरआँगनमै बन्न लागेको आयोजनाबाट लाभ पाइने आसले जग्गाको मुआब्जापछि लिने भन्दै ५० जना स्थानीयले खेतबारी निर्माण कम्पनीलाई सुम्पिएका थिए । तर, स्थानीयको त्यो आशा १४ वर्षपछि भने निराशामा बदलिएको छ । स्थानीय तथा प्रदेश सरकारले अपनत्व ग्रहण गरी प्राथमिकताका साथ अघि बढेको आयोजना निर्माणको जिम्मा लिएको रारा हाइड्रोका सञ्चालकहरूको बदनियतका कारण सरकार, स्थानीय तथा अन्य लगानीकर्ताको लगानी भने अन्ततः डुब्ने चरणमा प्रवेश गरेको छ । कम्पनीका सञ्चालकहरुको असक्षमताका कारण उनीहरू आफू मात्रै डुबेका छैनन्, सिङ्गो आयोजनाको भाग्य र भविष्य अन्योलमा पारेका छन् । अर्कोतर्फ यसले स्थानीयलाई घर न घाटको हुने स्थिति सिर्जना गरेको छ । सञ्चालकहरूको ठगीधन्दाले स्थानीयको सर्वस्व मात्रै गुमेको छैन, बैंकबाट लिएको ऋण चुक्ता नगर्दा सिङ्गो आयोजना नै ध्वस्त हुने चरणमा पुगेको छ । आयोजना निर्माणमा संलग्न मजदुर तथा निर्माण व्यवसायीसमेत ठगिएका छन् ।

सिमित व्यक्तिको बदमासीका कारण सिङ्गो आयोजनासँगै यसमा शेयर लगानी गरेका लगानीकर्ता डुब्ने अवस्था आउँनु आफैमा दुखद् पक्ष हो । यस्ता हरामखोर ठगहरुलाई साइजमा ल्याउन राज्य डराइरहेको छ । जसको परिणाम देशका गल्लीगल्लीमा ठगहरुको जन्म भइरहेको छ । आफ्नो स्वार्थपूर्तिका लागि आयोजना अघि बढाउने तर, नबनाउने ठग सञ्चालकहरुलाई कानूनी दायरामा ल्याएर जेल हाल्न सक्ने ताकत राज्यले राख्नु पर्दछ । यिनीहरुको जायजेथा बेचेर भएपनि राज्यले लगानीकर्ताको रकम फिर्ता गराउन हस्तक्षेपकारी भूमिका निभाउन सक्नु पर्दछ । ता कि यस्ता ठगहरुको पसल भविष्यमा खुल्न नपाओस् । तब मात्र देशमा भ्रष्टाचार, अनियमितता, वेथितीको अन्त्य हुन्छ । अर्कोतर्फ ऋण लगानी गर्ने बैंकले पनि संरचना बनेकै भरमा स्थानीयको घरखेत लिलामीमा चढाउनु हुँदैन । पछिल्लो समयमा उर्जा क्षेत्रमा बढ्दै गएको लगानी डुब्न नदिने हो भने राज्यले बेलैमा नियमनकारी नीति अवलम्बन गर्न ढिला गर्नु हुँदैन । स्वार्थको गठजोडमा लगानीका लागि टाउको सलबलाउने यस्ता ठगहरुलाई काबुमा राख्न नसके कुनै बेला सहकारीमा आएको लगानीको बाढी अहिले जसरी डुब्यो त्यो स्थिती उर्जा क्षेत्रको लगानीमा पनि नआउला भन्न सकिँदैन । यसर्थ राज्य बेलैमा चनाखो हुन जरुरी छ ।

## विश्व

# रोजगारी गुमाएका तीन हजार नेपाली विद्यार्थीलाई खाद्यान्न सहयोग



**टेक्सस (अमेरिका), १ फागुन ।**
अमेरिकाको टेक्सस राज्यस्थित विभिन्न विश्वविद्यालयमा अध्ययनरत कामविहीन नेपाली विद्यार्थीलाई खाद्यान्न सहयोग गरिने भएको छ । टेक्ससको ड्यालस फोर्टवर्थ क्षेत्रमा रहेका नेपाली सामाजिक अभियानकर्मीले विद्यार्थीका लागि समुदाय कार्यक्रम नामक अभियान सुरु गरेर करिब तीन हजार नेपाली विद्यार्थीका लागि खाद्यान्न सहयोग सङ्कलन गरिरहेका छन ।

कामविहीन नेपाली विद्यार्थीलाई कम्तीमा एक महिनाका लागि आवश्यक पर्ने खाद्यान्नमा विद्यार्थीलाई चामल, दाल, तेल, नुन, चना लगायतका खाद्यान्न सामग्री उपलब्ध गराउन लागिएको नेपाली समाज टेक्ससका महासचिव विजय भुसालले जानकारी दिनुभयो । महासचिव भुसालका अनुसार हालसम्म ७०० बढी नेपाली विद्यार्थीले खाद्यान्न बुझ्रेर लगिसकेका छन् । सवारी साधन भएका विद्यार्थीले नेपाली साँस्कृतिक तथा अध्यात्मिक केन्द्र युलेशबाट खाद्य सामग्री प्राप्त गर्नसक्ने र सवारी साधन नभएका विद्यार्थीलाई उनीहरूको ठेगानामा पुर्‍याउने व्यवस्था मिलाइएको छ ।

राष्ट्रपति डोनाल्ड ट्रम्पले गैरकानुनी आप्रवासीलाई निष्काशन गर्ने योजनालाई कडाइका साथ कार्यान्वयनमा ल्याएपछि त्यसको प्रत्यक्ष असर नेपाली विद्यार्थीमा पनि परेको छ । गैरकानुनी आप्रवासीको खोजी गर्ने क्रममा प्रहरीले दैनिक हजारौं व्यावसायिक फर्ममा छापा मारिरहेको छ ।

सोही क्रममा कानुनी रूपमै बसोबास गरिरहेका र कामदार अनुमति पत्र (वर्क पर्मिट) भएका बाहेकले व्यावसायिक फर्ममा काम गरिरहेको भेटिएमा प्रहरीले चेतावनी दिने, पक्राउ गर्ने र केहीलाई निष्काशन गर्दै आइरहेको छ । यसैको प्रभावमा नेपाली विद्यार्थी परेका हुन् । उनीहरूलाई काम गरिरहेको भेटेमा प्रहरीले पक्राउ गर्न सक्छ । गैरआवासीय नेपाली सङ्घ अमेरिकाको तथ्याङ्कअनुसार हाल अमेरिकाका विभिन्न विश्वविद्यालयमा करिब ५० हजार नेपाली विद्यार्थी अध्ययनरत छन् ।

# जनयुद्ध : भ्रम र वास्तविकता



✍ भक्कबहादुर मल्ल 'सुदीप'







नेपाली समाजमा तीन दशकदेखि एक छत्र बहसको विषय भएको एउटा शब्द हो, जनयुद्ध । जनयुद्ध शब्दको अर्थ हुन्छ, जनताद्वारा जनताकै मुक्तिका लागि गरिने युद्ध ।

सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र जारी गर्दै कार्ल मार्क्सले राज्य सत्ता र जनताबारे स्पष्ट दृष्टिकोण प्रस्तुत गरेका थिए । राज्य सत्ता बन्दुकको नालमा टिकेको हुन्छ । एउटा वर्गले अर्को वर्गमाथि दमन गर्ने हतियार भनेकै राज्य सत्ता हो । बन्दुकको भरमा टिकेको राज्य सत्ता बन्दुकबाटै कब्जा गर्नुपर्छ । यो मान्यतालाई विकसित गर्दै सन् १९४९ मा २२ वर्ष लामो संघर्षद्वारा चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको थियो । मार्क्सवादी सिद्धान्तको प्रयोग गर्ने सन्दर्भमा माओत्सतुङले विकास गरेको रणनीति नै दीर्घकालीन जनयुद्ध हो ।

चिनियाँ क्रान्तिपश्चात् विश्वभर चिनियाँ र रसियन क्रान्तिको मोडलका बारेमा व्यापक बहस भए । नेपाली राजनीति पनि त्यो बहसबाट टाढा रहन सकेन । खासमा रसियन क्रान्तिको मोडल अल्पकालीन सशस्त्र विद्रोह थियो । त्यसले पनि स्थापना गर्ने सत्ता भनेको श्रमिक वर्गको राज्य सत्ता नै हो तर नेपालमा कस्तो मोडलको क्रान्तिको बाटो रोज्ने भन्नेमा अन्योल थियो । एकातिर क्रान्तिको मोडल नै कस्तो भन्ने बहस छँदै थियो भने अर्कोतिर क्रान्तिको सुरुवात आफैँमा एउटा जोखिमयुक्त कदम थियो । यस्तै अन्योलता र जोखिमका बिच कमरेड प्रचण्डले नेपालमा दीर्घकालीन जनयुद्धको खाका प्रस्तुत गरेका थिए ।

क्रान्ति रहरको विषय होइन, न त जनयुद्ध कुनै आवेगको विषय थियो । नेपालमा राज्यद्वारा जनतामाथि लादिएको शोषण, दमन, अन्याय र अत्याचारको ठुलो दुश्चक्र थियो, त्यसको संरक्षक थियो राजतन्त्रात्मक व्यवस्था । देशको नीति-निर्माणको तहमा कुलीन वर्गको वर्चस्व थियो । जनताका प्रतिनिधि वा उत्पीडित जाति, क्षेत्र र लिङ्गका प्रतिनिधि नीति-निर्माणको तहमा हुँदैनथे । केही पात्रहरूलाई देखाइए पनि ती सबै बुख्याँचा मात्रै हुन्थे । एक किसिमको हुकुमी शासन थियो । राजाले बोलेको कुरा कानुन हुन्थ्यो; नीति र नियम हुन्थ्यो । बाहिर देखाउनका लागि बहुदलीय प्रजातन्त्रको जामा थियो । संवैधानिक राजतन्त्र भनिन्थ्यो । यथार्थमा दलका नेताहरू र जनप्रतिनिधि राजाको सेवा गर्न खटिएका नयाँ अनुहारका सेवक हुन्थे । तिनले राजतन्त्रको सेवा गर्नुपर्थ्यो ।

राजाको चाकडी गर्नुपर्थ्यो । राजाले चाहेको कुरा पूरा गर्नुपर्थ्यो । जनताले जतिसुकै मत दिएर पठाए पनि राजाले चाहेका बेला तिनलाई बर्खास्त गर्न सक्थे ।

तत्कालीन संविधान र व्यवस्थामा जनताको अधिकार कति थियो ? त्यो बेग्लै चर्चाको विषय होला । यथार्थ कुरा माथि भनिएको जस्तै थियो । त्यो यथार्थलाई नेपाली क्रान्तिद्वारा मात्रै बदल्न सकिन्थ्यो । हो त्यही क्रान्तिको नाम थियो जनयुद्ध । नेपालमा दीर्घकालीन जनयुद्धको सुरुवात सामान्य विषय थिएन । साथै यसको लक्ष्य पनि असामान्य थियो । राज्य सत्ताको विरुद्धमा विद्रोह गर्नु सामान्य काम होइन । त्यो पनि हजारौँ नेता कार्यकर्ता र लाखौँ, जनतालाई विश्वासमा लिएर क्रान्तिको मार्ग देखाउँदै अगाडि बढाउनु विश्व इतिहासको दुर्लभ कार्य थियो नेपाली जनयुद्ध ।

२०५२ फागुन १ गते भन्दा अगाडि जनयुद्ध शब्द पार्टीभित्रको आन्तरिक बहस थियो । एकातिर यसको सुरुवात हुन्छ कि हुँदैन भन्ने दुविधा थियो । अर्कोतिर गर्न हुन्छ कि हुँदैन भन्ने गम्भीर बहस पनि थियो । तमाम भ्रम र आशंकाका बिच पार्टीभित्र जनयुद्धको सुरुवात गर्ने निष्कर्षमा पुर्‍याउने काम पनि निकै चुनौतीपूर्ण थियो । ती सब आशंका र चुनौती पार गर्दै कमरेड प्रचण्डको नेतृत्वमा जनयुद्धको सुरुवात भएको थियो । रोल्पाको होलेरी रुकुमको राडी सिन्धुलीको सिन्धुलीगढी र गोर्खाको च्याङ्लीमा एक साथ आक्रमण गरी जनयुद्धको सुरुवात भएको थियो । कतै मसाल जुलुस त कतै भित्तेलेखन गर्दै जनयुद्ध देशव्यापी रूपमा फैलिएको थियो ।

जनयुद्धको सुरुवात पार्टी नेतृत्वको सचेतन प्रयत्न मात्रै थिएन, तत्कालीन राज्य सत्ताले सिर्जना गरेको चुनौतीपूर्ण परिस्थितिको उपज पनि थियो । राजतन्त्रात्मक व्यवस्था भए पनि सरकारमा कांग्रेस-एमालेको उपस्थिति आलोपालोजस्तै थियो । संसद् र संसदीय व्यवस्थाको भण्डाफोर गर्ने उद्देश्यले भाग लिएको चुनावमा नौ सिट जितेर संसद्मा पनि माओवादीको उपस्थिति थियो । माओवादी बनेर राजनीतिक गतिविधि गर्न कानुनी हिसाबले खुलै थियो । माओवादी पार्टीका केन्द्रीय नेता रामवृक्ष यादवलाई नेपाली कांग्रेसका गुन्डाले दिनदहाडै धनुषामा हत्या गरेका थिए । रोल्पा रुकुम लगायत ठाउँहरूमा राज्यशक्तिको दुरुपयोग गर्दै माओवादीमाथि प्रत्यक्ष दमन गरेका थिए । त्यसले पनि जनयुद्ध सुरुवातका निम्ति वस्तुगत आधार तयार गरेको थियो ।

जनयुद्ध र माओवादी नेतृत्वलाई आरोप लगाउनेहरूले एकपटक तथ्यतिर ध्यान दिऊन् । जनयुद्धको सुरुवात गर्दा राज्यतर्फको एकजना नागरिकको ज्यान गएन, न त तत्कालीन विद्रोही माओवादीको । विद्यालयमा पढिरहेको ११ वर्षे बालक दिलबहादुर रम्तेललाई फागुन १४ गते विद्यालयकै आँगनमा प्रहरीद्वारा गोली हानेर मारियो । जाजरकोटमा निहत्था लोकबहादुर र मनबहादुर रावललाई गोली हानेर हत्या गरियो । गोठमा बसिरहेका रुकुमका खत्री परिवारलाई गोठमै गोली हानेर मारियो । पार्टी नेता र कार्यकर्तालाई मात्रै होइन सर्वसाधारण नागरिकलाई पनि माओवादीको आरोपमा दिन प्रतिदिन हत्या गरेर राज्यले नै हत्या अभियान सुरुवात गरेको थियो । राज्यलाई त्यसरी दमनमा उतार्नुपर्दा पछाडिबाट क-कसले भूमिका निर्वाह गरेका थिए त्यो पनि समयक्रमसँगै बाहिर आउला । दमन र प्रतिरोधको शृंखला यसरी नै बढेको थियो ।

जनयुद्ध विचार दृष्टिकोण र उच्च राजनीतिक चेतनाको समष्टिगत अभिव्यक्ति हो । कतिपयले यसलाई विचारहीन, सिद्धान्तहीन र दृष्टिकोणविहीन पनि भने । जनयुद्धको सुरुवात मार्क्सवाद-लेलिनवाद-माओवादको वैचारिक आलोकमा भएको थियो । दुनियाँ बदल्ने त्यो विचारलाई नेपाली समाजका अन्तर्विरोध र विशिष्टतासँग जोडिएको थियो । नेपाली समाजको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक अवस्थाको गहिरो अध्ययन गर्दै रूपान्तरणका विविध पक्षमा हस्तक्षेपकारी योजना तर्जुमा गरेको थियो । विचार र दृष्टिकोणविना यो कार्य सम्भव हुनै सक्दैन । जनयुद्ध कम्युनिस्ट सिद्धान्तमा आधारित थियो, कम्युनिस्ट सिद्धान्त भनेको उन्नत चेतनायुक्त सामाजिक मनोभाव हो । माओवादी नेतृत्वमा त्यो उन्नत चेतना हुँदैनथ्यो भने जनयुद्ध अघि बढ्ने सम्भावना थिएन । आफ्नो विचार र वर्गप्रति निष्ठा र समर्पणको चेतना नै उन्नत चेतना हो । करोडौँ जनताको साथ जनयुद्धलाई स्थापित गर्नु सामान्य ज्ञान र चेतनाले पुग्दैन । विचार चाहिन्छ सिद्धान्त चाहिन्छ र उच्च चेतना आवश्यक पर्छ । जुन कुरा जनयुद्धमा अभिव्यक्त भएको थियो ।

जनयुद्ध एउटा विशिष्ट रणनीति र दूरदर्शी नेतृत्वको ऐतिहासिक संयोग पनि हो । रणनीति भन्नाले सैनिक, राजनीतिक र कूटनीतिक सबै हुन्छ । संसारभरि साम्यवादको अन्त्य भयो, कम्युनिस्ट सिद्धान्त असफल भयो भन्नेजस्ता दुष्प्रचार व्याप्त थियो, प्रतिक्रान्तिको लहर चलेको थियो । विश्व कम्युनिस्ट आन्दोलन रक्षात्मक स्थितिमा पुगेको थियो ।

झापा विद्रोहको असफलता नेपालमा सशस्त्र सङ्घर्षको ब्याक फायर छँदै थियो । भारतमा चारु मजुमदारले नेतृत्व गरेको सशस्त्र सङ्घर्ष ठोस परिणामबिना अल्झिरहेको थियो । यस्तो परिवेशमा नेपालमा जनयुद्ध सुरुवात भएको थियो । राष्ट्रिय र अन्तर्राष्ट्रिय तमाम चुनौतीका बिच आफ्नो पार्टी र नेतृत्वलाई विश्वासमा लिएर जनयुद्धको सुरुवात गर्नु विश्व इतिहासकै दुर्लभ नेतृत्वको रूपमा थिए कमरेड प्रचण्ड ।

जनयुद्धलाई त्याग, समर्पण, वीरता र बलिदानका अनुपम कीर्तिमानले सुसज्जित गरेका छन् । आफ्ना व्यक्तिगत जीवनका तमाम अवसर छाडेर हजारौँ योद्धा जनयुद्धमा सरिक भए । बलिदानका लागि तयार भए । घर-परिवार, सम्पत्ति, सुख सुविधा सबै त्यागेर मुक्तिको मार्ग जनयुद्धमा सरिक भए । प्रहरी चौकीमा हमला गरे । सैनिक ब्यारेक कब्जा गरे । जेल-नेल सबै तोडे । वर्षौं सैनिक हिरासतमा मृत्यु नियाल्दै धैर्यतापूर्वक बसिरहे । आस्था र विचार जोगाउन फाँसीका तमाम दस्तावेजमा दस्तखत गरे । महिलाले पनि लड्न सक्छन् र भन्ने सामाजिक मान्यतालाई तोड्दै सुरक्षाकर्मीका हतियार कब्जा गरे । उत्पीडित जाति, क्षेत्र, लिङ्ग र समुदायलाई उच्च मनोबलका साथ आफ्नो अधिकारका लागि जागरुक गरे ।

२४० वर्षको राजतन्त्रको इतिहास अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने ऐतिहासिक भूमिका जनयुद्धकै हो । यस कारण आम नेपाली जनतामा जनयुद्ध जनताकै मुक्तिका लागि लडिएको एउटा महान् युद्धको रूपमा स्थापित भएको छ । जनयुद्धका सर्वोच्च कमान्डर तथा अध्यक्ष कमरेड प्रचण्ड नेपाली जनताको आशा, भरोसा र विश्वासको धरोहरका रूपमा स्थापित छन् । दरबार र दरबारका पाले, पहरेदार, खेताला, हली, गोठाला, नोकर-चाकर र दासहरूलाई आतंक र हिंसा लाग्छ जनयुद्ध, त्यो स्वभाविकै हो । किनकि जनयुद्धले तिनको खुसी चैन र वैभव लुटेको हो । दरबारको वरिपरि घुमेको अधिकारलाई कब्जा गरेर जनतामा ल्याएको हो । त्यसैले उनीहरूलाई जनयुद्ध प्रिय लाग्दैन । एक दिन न्यायालयदेखि वर्तमान सत्ताका विभिन्न ठाउँमा बसेर दरबार हेरिरहेका खेतालाले पनि बुझ्नेछन् र भन्नेछन्, जनयुद्ध जिन्दावाद, जिन्दावाद, जिन्दावाद ।

*(मल्ल नेकपा (माओवादी केन्द्र) का केन्द्रीय सदस्य तथा सुर्खेत जिल्ला इन्चार्ज हुन् ।)*

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — मेहनत र प्रयत्नले सजिलै लक्ष्य प्राप्ति गर्न सकिनेछ । भौतिक संसाधन जुटाउनमा सफल भइएला । न्यायिक मामिलाहरूमा दिन अलि कमजोर रहेको छ ।

**वृष** — आयका नयाँ स्रोतहरू बढ्नेछन् । अध्ययनमा रुचि बढ्नेछ । पूजापाठ र धार्मिक क्रियाकलापहरूमा सहभागी हुनुहुनेछ । कार्यक्षेत्रमा सन्तानको सहयोग मिल्नेछ ।

**मिथुन** — नोकरी वा पेशामा पुराना सम्झौताहरूलाई नवीकरण गर्ने समय रहेको छ । कार्यक्षेत्रमा मित्रहरूको सहयोग मिल्नेछ । आमाको स्वास्थ्यलाई लिएर सचेत रहनुहोला ।

**कर्कट** — कार्यक्षेत्रमा रोकिएको कार्य बन्ने वा नयाँ कार्य प्रारम्भ हुनेछ । आत्म विश्वासमा वृद्धि हुनेछ । विद्यार्थीहरूलाई पठनपाठनमा शिक्षकद्वारा राम्रो सहयोग प्राप्त हुनेछ ।

**सिंह** — कार्यक्षेत्रमा प्राथमिकताको आधारमा कार्य गर्नुहोला । आकस्मिक धनलाभका योग छन् । कार्यक्षेत्रमा विवाद उत्पन्न हुन सक्छ सावधानी राख्नुहोला ।

**कन्या** — व्यापार व्यवसायमा नयाँ प्रस्ताव आउने तथा साझेदारहरूको सहयोग बढ्नेछ । पारिवारिक जमघटको बीच स्वादिष्ट भोजन प्राप्त हुनेछ ।

**तुला** — कार्यक्षेत्रमा कार्यसम्पादन हुनाले मन प्रसन्न रहनेछ । विगतका कुराहरूलाई लिएर घरपरिवारमा मनमुटाव रहनेछ । यात्रामा हुनुहुन्छ भने आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं ।

**वृश्चिक** — सामाजिक सञ्जालको माध्यमबाट शुभ सूचना मिल्नेछ । राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ । कृषि वा पशुपालन व्यवसायबाट लाभ प्राप्त होला ।

**धनु** — कार्यक्षेत्रमा विशिष्ट जनहरूको साथ मिल्नेछ । आयआर्जनका नयाँ स्रोतहरू बन्नेछन् । ठेकापट्टाको कामबाट विशेष लाभ प्राप्त गर्ने अवसर मिल्नेछ।

**मकर** — पूजा आराधनामा र देवालयमा समय बित्नेछ । गृहणीहरू आज गृहकार्यमा व्यस्त रहनेछन् । अप्ठ्यारो काममा छरछिमेकीहरूको सहयोग मिल्नेछ ।

**कुम्भ** — कार्यक्षेत्रमा कार्यकुशलता वा नेतृत्वले अधिकारी वर्गहरूलाई प्रभावित गर्न सकिनेछ । आय आर्जन सामान्य रहनेछ । आफन्तहरूसँग वैचारिक मतभेद रहन सक्छ ।

**मीन** — कार्यक्षेत्रमा श्रमको उचित मूल्यांकन मिल्नेछ । व्यापार व्यवसायमा निजी दायित्व निर्वहनमा बाधा आउनेछ । समाजमा मान सम्मान बढ्नेछ ।

# ललितकला प्रतिष्ठानको आयोजनामा सातै प्रदेशमा हुने प्रदर्शनीको तयारी पुरा

**युग संवाददाता**
**काठमाडौँ, १ फागुन ।**
नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको अगुवाइनमा सातै प्रदेशमा आयोजना हुने प्रादेशिक र राजधानी काठमाडौँमा हुने राष्ट्रिय ललितकला प्रदर्शनीको तयारी अन्तिम चरणमा पुगेको छ। गत वर्षदेखि सङ्घीयता संरचनाअनुसार सुरु भएको दोस्रो प्रादेशिक ललितकला प्रदर्शनीको तयारीमा सात वटै प्रदेशका ललितकलाकर्मी जुटेका छन्।

यसपाली फागुन महिना ललितकलामय हुन लागेको प्रतिष्ठानका सदस्य सचिव देवेन्द्र काफ्ले 'थुम्केली'ले जानकारी दिए। उनका अनुसार नेपाली ललितकला क्षेत्रकै सबैभन्दा ठूलो कार्यक्रम (महाउत्सव) मानिने ललितकला प्रदर्शनीमा देशभर एक हजारभन्दा बढी कलाकृति प्रदर्शनी हुने र त्यसबाट छनौंट गरिएको कलाकृतिलाई गणतन्त्र दिवसका अवसरमा आयोजना हुने राष्ट्रिय ललितकला प्रदर्शनीमा समावेश गराइने छ।

सोहीअनुसार अहिले प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्यलाई हरेक प्रदेशको जिम्मेवारी दिएर प्रादेशिक प्रदर्शनीको तयारी गरिएको छ। यही फागुन ४ गतेबाट सुरु हुने प्रादेशिक प्रदर्शनी आगामी चैतको १ गतेसम्म चल्ने छ। फागुन महिना सातै प्रदेश ललितकलामय हुँदैछ।

महिनाव्यापी कार्यक्रमअन्तर्गत गण्डकी प्रदेशमा फागुन ४ देखि ८ गतेसम्म, कर्णाली प्रदेशमा फागुन ६ देखि १०, सुदुरपश्चिम प्रदेशमा फागुन ८ देखि १२, लुम्बिनी प्रदेशमा फागुन १० देखि १४, कोशी प्रदेशमा फागुन १६ देखि २०, मधेश प्रदेशमा फागुन २१ देखि २५ र बागमती प्रदेशमा फागुन २७ देखि चैत १ गतेसम्म प्रादेशिक कला प्रदर्शनी हुँदैछ।

उक्त प्रदर्शनीका लागि प्रतिष्ठानका प्राज्ञ परिषद् सदस्य सञ्जय वान्तवालाई कोशी, अरुणा हिङ्माङलाई मधेश प्रदेश, उपकुलपति लालकाजी लामालाई बागमती, प्राज्ञ परिषद् सदस्य दिनेश्वर महतोलाई लुम्बिनी, सौरगङ्गा दर्शनधारीलाई गण्डकी, पाल्साङ्मो लामालाई कर्णाली र प्रदीप अधिकारीलाई सुदूरपश्चिम प्रादेशिक ललितकला प्रदर्शनीको संयोजनको जिम्मेवारी तोकिएको छ।

उनीहरूले आ-आफ्नो क्षेत्रमा उक्त प्रदर्शनीको अन्तिम तयारी भइरहेको जानकारी दिएका छन्। लुम्बिनी प्रदेशका प्रादेशिक कला प्रदर्शनीको संयोजन गरेका प्राज्ञ परिषद् सदस्य महत्तोले करिब करिब तयारी पूरा भएको जानकारी दिँदै भने, "लुम्बिनीमा १२५ कलाकारका करिब २०० कलाकृति प्रदर्शनी हुने छन्।"

## आठ...

तीन पुस्तादेखि निरन्तरता दिँदै आए पनि बिक्री घट्दै गएपछि रमेश पथरकट्टाले वैकल्पिक पेशा खोज्नुपर्ने बताए। "अब छोराछोरीलाई उच्च शिक्षा दिने योजना बनाएका छौं। यो पेशाले अब धान्न गाह्रो छ," उनले भने। अहिले पत्थरकट्टा समुदाय परिवर्तनशील समय अनुसार वैकल्पिक बाटो खोज्न बाध्य भएको छ। नयाँ पुस्ताले अन्य रोजगारीका अवसर खोज्न थालेका छन्, जसले यो परम्परागत पेशा विस्तारै लोप हुने संकेत गरेको छ।

## कर्णालीमा...

त्यस्तै, आर्थिक वर्ष २०७६/०७७ मा एक सय १६ वटा दुई कोठे, ९५ वटा ६ कोठे गरी जम्मा दुई सय ११ भवन निर्माण गरिएको शिक्षा विकास निर्देशनालय सुर्खेतले जनाएको छ। आर्थिक वर्ष २०७७/०७८ मा १९ वटा दुई कोठे, एक तीन कोठे, १३ कोठे र २१ वटा ६ कोठे गरी जम्मा ५४ भवन निर्माण हुँदा आर्थिक वर्ष २०७८/०७९ मा ३९ वटा दुई कोठे, ७३ वटा चार कोठे, एक सय १४ वटा ६ कोठे गरी एक सय १४ विद्यालय भवन तयार भएका छन्।

त्यस्तै, आर्थिक वर्ष २०७९/०८० मा सात वटा दुई कोठे, एक वटा तीन कोठे, ७६ वटा चार कोठे गरी ८४ वटा विद्यालय भवन तयार भएका छन्। आर्थिक वर्ष २०८०/०८१ मा ७३ वटा चार कोठे भवन तयार भएको शिक्षा विकास निर्देशनालयका प्रशासन, योजना तथा अनुगमन शाखाका प्राविधिक सहायक कार्मा वाङ्जुक लामाले बताए।

प्रदेशभर सबैभन्दा धेरै सुर्खेत जिल्लामा विद्यालय भवन निर्माण भएका छन्। विद्यार्थीको चाप उच्च रहेको सुर्खेतमा ६ वर्षको अवधिमा एक सय २३ वटा विद्यालय भवन तयार भएका छन्। त्यस्तै, मुगुमा ३७, हुम्लामा ७५, डोल्पामा ५४, जुम्लामा ६१, कालिकोटमा ६९, दैलेखमा ८७, जाजरकोटमा ६२, सल्यानमा ७६, रुकुम पश्चिममा ४७ वटा विद्यालय भवन तयार भएका छन्। प्राविधिक सहायक लामाका अनुसार चालु आर्थिक वर्षमा निर्देशनालय र सामाजिक विकास कार्यालयबाट कार्यान्वयन हुने गरी ७४ वटा नयाँ विद्यालय भवन निर्माण हुँदैछन्।

## आठ...

कुल दुई हजार नौ सय ८४ विद्यालय मध्ये एक हजार आठ सय ३३ कक्षा कोठामा विद्यार्थीको संख्या १० भन्दा कम छ। यस्तै, दुई हजार चार सय ५८ कक्षा कोठामा विद्यार्थीको संख्या १५ भन्दा कम छ, भने दुई हजार सात सय ६२ कक्षा कोठामा विद्यार्थीको संख्या २० भन्दा कम रहेको शिक्षा तथा मानवस्रोत विकास केन्द्रका निर्देशक हरिप्रसाद अर्याल बताउँछन्। कर्णालीमा बसाईसराई लगायतका कारण दुर्गमका विद्यालयमा विद्यार्थीको संख्या न्यून रहेको उनले बताए।

संविधानले स्थानीय तहलाई शिक्षा सम्बन्धि २३ वटा अधिकार दिएको भएपनि स्रोतको सही परिचालन हुँन नसक्दा सामुदायिक विद्यालयको संस्थागत सुधारमा समस्या रहेको उनको दावी छ। संघीय सरकारले शिक्षा क्षेत्रमा ठुलो धनराशी खर्च गरेको भएपनि तीनै तहका सरकारहरुको काम गर्ने तौरतरिका नमिल्दा सामुदायिक विद्यालयको गुणस्तर सुधारमा चुनौती रहेको बताइन्छ।

केही समय अघि सुर्खेतमा भएको एक कार्यक्रममा निर्देशक अर्यालले शिक्षा हेर्ने जिम्मेवारी स्थानीय तहलाई गएको भएपनि अनुगमन र सहायता प्रणाली प्रभावकारी नुहुँदा स्रोत परिचालनमा निकै चुनौती रहेको बताएका थिए। विद्यालय म्यापिङ र मर्जर, शिक्षक पुनरवितरण, स्थानीय शैक्षिक योजना, स्थानीय पाठ्यक्रम निर्माण र यसको कार्यान्वयन, अनुगमन र सहायता प्रणालीलाई प्रभावकारी बनाउँन स्थानीय तहले ध्यान पुऱ्याउन नसकेको उनको भनाई थियो।

शिक्षाको संस्थागत सुधार गरी गुणस्तर बृद्धिमा संघीय विद्यालय शिक्षा ऐन तुर्जमा, शिक्षक सरुवा, विद्यालय समायोजन (बसाइँसराइको प्रवित्ति अनुसार), आवासीय सुविधा भएका ठुला नमुना, प्राविधिक तथा विज्ञान विद्यालय स्थापना, शिक्षक, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धिसँगै लैङ्गिक समानता, सामाजिक न्यायमा आधारित प्रविधिमैत्री भौतिक संरचना निर्माणमा सरकारले जोड दिन ढिलाई गर्न नहुने निर्देशक अर्यालयले उक्त कार्यक्रमा भनेका थिए।


# Birendranagar Municipality
## Office Of The Municipal Executive
**Birndranagar, Surkhet**
**Karnali province, Nepal**

## INVITATION FOR BIDS

**(First Date of publication: - 2081.11.02 B.S.)**

1. **Birendranagar Municipality** Office invites electronic bids from eligible bidders for the following projects under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the **Birendranagar Municipality, Birendranagar Surkhet** Phone No: 9858063111& PPMO website.

| Contract No. | Name Of Work | Bid document fee (Non-refundable) | Estimated Amount (Including VAT & PS) | Bid Security, |
|---|---|---|---|---|
| NCB/ BM/W/ 081/082/56 | Sit Bhandar (Cold Store) Nirman, Birendranagar 11, Surkhet | NRs. 3000/- | NRs. 1,45,06,677.62 | NRs. 3,62,700.00 |

**Chief Administrative Officer**



# Triveni Rural Municipality
## Office of The Rural Municipal Executive
**Luham, Salyan**
**Karnali Province, Nepal**

## Invitation for Electronic Bids

**First date of Publication: 2025/02/14**

1. Triveni Rural Municipality, Office of the rural municipal executive, Luham, Salyan invites the Online bids from Nepalese eligible bidders for NCB contracts under e-procurement system for the construction of projects mentioned below;

| S N | Contract No. (IFB No.) | Description of Work | Estimated Amount NRS (with VAT, PS ) | Bid Security Amount (NRS). | Bid Security Validity Period | Cost of Bidding Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 01 | 03/TRM/ SLN/NCB/ WORKS/081/82 | Girls Hostel Building Tala Thap | 6,384,639.14 | 142000 | 120 days | 3000 |

Purchase, Submission and Opening:

| SN. | Pre-Bid Meeting | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| 01 | 2025/03/04 | 13:00 | 2025/03/17 | 12:00 | 2025/03/17 | 13:00 |

| Bank Name | Name of Office | Revenue Account No | Dharuti Account No. |
|---|---|---|---|
| Rastriya Banijya Bank, Luham Branch, Salyan | Triveni Rural Municipality, Office of the rural municipal executive, Luham, Salyan | 4380100301010002 | 4380100303000002 |

2. Tender Procurment shall follow Public Procurement Act (1st Amendment 2073) and public Proucrment Regulation (13th Amendment. 2080).
3. Bidders shall download the bidding documents and submit their bids electronically through e-procurement section of PPMO'S Website http://bolpatra.gov.np/egp, as specified in the bidding data sheet for provision of E-Bidding.
4. A new firm established by any person or manager of a firm or company that is blacklisted according to PPA will be ineligible to submit bids.
5. For further information, please refer to the PPMO's website as prescribed above. Any amendment in the notice or bid documents will be posted in notice board of this office or PPMO's website.
6. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**



# गुर्भाकोट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**शुभाघाट, सुर्खेत**
**कर्णाली प्रदेश, नेपाल**

## सीप विकास तालिम संचालनका लागि प्रस्ताव आव्हानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८१।११।०१**

गुर्भाकोट नगरपालिकाको आ.व.२०८१।०८२ को उद्योग तथा व्यवसाय प्रर्वद्धन शाखाको उप-प्रमुख उद्यमशिलता तथा युवा स्वरोजगार कार्यक्रम अन्तरगत तपसिल बमोजिमको तालिम कार्यक्रम संचालनका लागि यस नगरपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/संघ संस्थाले प्रति सहभागी लागत अनुमान (भ्याट सहित) रकम उल्लेख भएको सिलबन्दी प्रस्तावना यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| तालिमको नाम | सहभागी संख्या | तालिम अवधि | स्वीकृत रकम रु. (भ्याट सहित) | तालिम संचालन स्थान | कैफियत |
|---|---|---|---|---|---|
| हलुका सवारी साधन ड्राईभिङ तालिम | १० जना | ४५ दिन | २५०,०००। (दुई लाख पचास हजार मात्र) | गुर्भाकोट नगरपालिका वडा नं. ८, सुर्खेत, गुर्भाकोट | |
| महिलाहरुका लागि अटो चालक सीप विकास तालिम | १० जना | ४५ दिन | २३०,०००। (दुई लाख तीस हजार मात्र) | गुर्भाकोट नगरपालिका वडा नं. ८, सुर्खेत, गुर्भाकोट | |
| आधारभूत कम्प्युटर तालिम | २० जना | ३ महिना (३९० घन्टा) | ५०,०००। (पचास हजार मात्र) | गुर्भाकोट नगरपालिका वडा नं. १३, सुर्खेत, गुर्भाकोट | |
| हलुका सवारी साधन ड्राईभिङ तालिम | १० जना | ४५ दिन | २५०,०००। (दुई लाख पचास हजार मात्र) | गुर्भाकोट नगरपालिका वडा नं. ६, सुर्खेत, गुर्भाकोट | प्रथम पटक प्रकाशित सूचना |

**पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

(१) निवेदन,
(२) फर्म/कम्पनी/संघसंस्था दर्ता प्रमाणपत्रहरुको प्रतिलिपी, विनियम, नियमावली,
(३) स्थायी लेखा प्रमाणपत्र प्रतिलिपी,
(४) अघिल्लो आ.व. को करचुक्ता प्रमाणवको प्रतिलिपी,
(५) फर्म/कम्पनी/संघ संस्था सुचिकृत भएको पत्रको प्रतिलिपी
(६) सिलबन्दी प्रस्तावना।

# तिनकुनेबाट लागूऔषध कारोवारी पक्राउ

**◣युग संवाददाता**
**सुर्खेत, १ फागुन ।**

लागूऔषध कारोबार गरेको आरोपमा दुई जना पक्राउ परेका छन् । वीरेन्द्रनगर नगरपालिका वडा नं. ११ तिनकुनेचोकबाट ३८ बर्षीय दुर्गा नेपाली र ३५ वर्षीय विजय कालुङलाई सुर्खेत प्रहरीले पक्राउ गरेको हो ।

तिनकुने चौकमा लागूऔषधको कारोबार भईरहेको गोप्य सूचनाका आधारमा उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्ता वीरेन्द्र वीर विश्वकर्माले जानकारी दिए ।

पक्राउ परेका नेपाली वीरेन्द्रनगर नगरपलिका वडा नं. १० र कालुङ वडा नं.१२ का रहेको उनले बताए ।

शंकास्पद अवस्थामा फेला परेका उनीहरुको शरिर खानतलासि गर्दा २६० मिलिग्राम लागुऔषध (ब्राउनसुगर) जस्तो देखिने धुलो पदार्थ फेला परेको प्रवक्ता विश्वकर्माले जानकारी दिए । पक्राउ परेका दुवै जनालाई पक्राउ गरेर आवश्यक अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

# सुर्खेतमा 'कर्णाली विद्यार्थी महोत्सव' हुने, कलाकार सुगम पोखरेल आउने




**◣युग संवाददाता**
**सुर्खेत, १ फागुन ।**

वीरेन्द्रनगरमा 'कर्णाली विद्यार्थी महोत्सव' हुने भएको छ । अखिल नेपाल राष्ट्रिय विद्यार्थी संगठन (अनेरास्ववियु) सुर्खेत जिल्ला कमिटीले कर्णाली विद्यार्थी महोत्सवको आयोजना गर्न लागेको हो ।

वीरेन्द्रनगरस्थित सिटी हलमा हुने महोत्सवका लागि सबै तयारी पूरा भईसकेको अनेरास्ववियु सुर्खेतले जनाएको छ । विद्यार्थीहरुको सहभागितामा अतिरिक्त तथा मनोरञ्जनात्मक क्रियाकलापहरु महोत्सवमा प्रस्तुत गरिनेछ । एक दिन मात्र हुने विद्यार्थी महोत्सवमा विद्यार्थी संगठनहरुमार्फत प्रदेशका सबै जिल्लाका विद्यार्थीहरुलाई जोड्ने उद्देश्य राखिएको छ । महोत्सव फागुन ३ गते मात्र सञ्चालन हुने छ ।

कर्णाली विद्यार्थी महोत्सवमा शैक्षिक प्रविधिको छलफल तथा प्रवर्द्धन, स्थानीय कला संस्कृतिको सशक्तिकरण तथा प्रस्तुति, स्वास्थ्य तथा सचेतना कार्यक्रम, रोजगारीका अवसर, कलेज छनोट र व्यावसायिक मार्गदर्शन, शैक्षिक संघसंस्था र समुदायबीच सहकार्य र साझेदारीमा वातावरण निर्माण गर्ने जस्ता क्रियाकलापहरु पनि सञ्चालन गरिनेछ ।

महोत्सवमा 'विद्यार्थीसँग मुख्यमन्त्री' शिर्षकमा समूह छलफल राखिएको छ । यसमा मुख्यमन्त्रीसँग विद्यार्थीहरुले आफ्नो जिज्ञासा तथा सुझाव प्रदान गर्नेछन् । ख्यातीप्राप्त कलाकार सुगम पोखरेलले प्रस्तुति राख्नेछन् भने यसबाहेकका अरु मनोरञ्जनात्मक प्रस्तुतिहरु पनि महोत्सवमा रहने आयोजकले जनाएको छ ।

# डर नमानौं, नेपालमा अझै धेरै बाघ अट्ने ठाउँ छ

**◣युग संवाददाता**
**चितवन, १ फागुन ।**

प्रधानमन्त्री केपी शर्मा ओलीले केही समयअघि बाघको विषयमा दिएको अभिव्यक्तिको चौतर्फी चर्चा भयो । 'यति सानो देशमा साढे तीन सयभन्दा धेरै बाघ छन् । यो बढी भयो, हामीलाई डेढ सय भए पुग्छ,' उनले भने, 'जति भन्यो त्यति बाघ पाल्न हुँदैन । वनको क्षमता हेरेर पाल्नुपर्छ । मान्छे खुवाएर बाघ पाल्न सकिँदैन, त्यस्तो गल्ती गर्न हुँदैन ।'

हुन पनि पछिल्लो समय चितवन र बर्दियामा बाघको आक्रमणबाट मानवीय क्षतिका घटना बढेका छन् । शिकारको खोजीमा बाघ जंगलबाट गाउँ पसेको र गाईवस्तु सँगसँगै मान्छेलाई नै आहारा बनाएका खबर दिनहुँजसो सुनिन थालेका छन् ।

त्यसो भए के प्रधानमन्त्री ओलीले भनेजस्तैस हामीकहाँ वनको क्षमताभन्दा बाघको संख्या धेरै भएकै हो त? हामीले यसबारे चितवन राष्ट्रिय निकुञ्जका पूर्वप्रमुख संरक्षण अधिकृत कमलजंग कुँवर र प्रमुख संरक्षण अधिकृत गणेश पन्तसँग विस्तारमा कुराकानी गरेका छौं ।

कुँवरका अनुसार पहिले चितवन निकुञ्जमा एउटा भाले बाघले ४०-४५ वर्गकिलोमिटरलाई आफ्नो क्षेत्र कायम गर्ने आकलन गरिन्थ्यो । अहिले यसमा परिवर्तन भएको छ । घाँसे मैदानको व्यवस्थापन र बाघले सिकार गर्ने जनावर वृद्धि भएसँगै बाघ १० वर्गकिलोमिटर क्षेत्रमै सीमित रहेको आकलन छ । यस हिसाबले चितवन राष्ट्रिय निकुञ्ज र मध्यवर्ती क्षेत्र गरेर १७० वटा जति बाघ रहन सक्ने कुँवर बताउँछन् । भाले बाघ एउटा क्षेत्रमा एकभन्दा बढी रहँदैन । त्यो ठाउँमा पोथी र डमरूहरू भने रहन सक्छन् ।

# विषयगत...

दुई हजार ६ सय ९९ शिक्षक अपुग छन् । निम्न माध्यमिक तहमा चार हजार पाँच सय ६० शिक्षक हुनुपर्नेमा हाल एक हजार आठ सय ६१ जना शिक्षक कार्यरत छन् ।

६ सय पाँच माविमा एक हजार सात सय ४९ शिक्षक अपुग छन् । माध्यमिक तहका लागि तीन हजार २५ शिक्षक हुनुपर्नेमा अहिले एक हजार दुई सय ७६ जना शिक्षक मात्र छन् । दुई सय ५९ उच्च माविमा चार सय ५७ शिक्षक अपुग छन् । यस तहमा एक हजार ३६ शिक्षक हुनुपर्ने हो । तर, पाँच सय ७९ जना मात्रै शिक्षक कार्यरत रहेको मन्त्रालयको तथ्यांमा उल्लेख छ ।

कर्णालीमा विशेषगरी अङ्ग्रेजी, गणित र विज्ञान शिक्षकको अभाव छ । कानुनअनुसार न्यूनतम हुनुपर्ने शिक्षक दरबन्दीमा प्रावि तहमा तीन, निमावि तहमा चार, मावि तहमा पाँच र उच्च मावि तहमा चारजना हुनुपर्छ । शिक्षक अपुग भएपछि विभिन्न विकल्पमा शिक्षक नियुक्त गरिएका छन् । निजी स्रोतबाट, स्थानीय तह, प्रदेश तह र सङ्घीय सहयोगबाट शिक्षक नियुक्त गरेर पढाउनु पर्ने बाध्यता छ ।

## उद्योग खारेजीको सूचना

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत (साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय) मा म श्री धन बहादुर खत्री धनी रहेको, दर्ता नम्बर ७३४२/०७७/०७८ बाट भेरीगंगा नपा-४, सुर्खेतमा सञ्चालन हुने गरी दर्ता श्रेष्ता कायम रहेको श्री डि.के बाख्रा फर्म नामको प्राइभेट/साझेदारी उद्योग मेरो/हाम्रो घरायसी आर्थिक कारणले खारेजी गर्नुपर्ने भएको हुँदा सम्बन्धित सबैको जानकारीकालागि यो ३५ (पैतिस) दिने सूचना प्रकाशन गरिएको छ । यस उद्योगसँग कोही कसैको कुनै प्रकारको दायित्व बाँकी रहेको भए सूचनाको म्यादभित्र सोको प्रमाण सहित उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेत समक्ष लिखित रुपमा दाबी पेश गर्नुहुन कर्णाली प्रदेश औद्योगिक व्यवसाय नियमावली, २०७९ को नियम १२ को उपनियम (२) बमोजिम जानकारी गराइन्छ ।

## वीरेन्द्रनगर नगरपालिका
## नगर कार्यपालिका कार्यालय
### सुर्खेतको संधियारका नाउमा जारी ७ दिने सूचना

**(प्रकाशित मिति २०८१/११/०२ गते**

सुर्खेत वी.न.नपा वडा नं. २ स्थायी घर भएको श्री तिलक प्रसाद कंडेलले यस वी.न.नपा. वडा नं. २ कि.नं. ४४०३, क्षेत्रफल १९७.८१ वर्ग मी. मा घर निमार्णका लागि नक्सा पास गरिदिन यस न.पा. कार्यालयमा निवेदन दिए बमोजिम/सर्जमिन मुचुल्काका लागि लगत बुझ्न जाँदा संधियार उपस्थित नभएको र हुन नसक्ने स्थिति भएको भन्ने बुझिएकोले तल उल्लेख भए अनुसारको कि.नं. का जग्गाधनीहरुको सांध सिमानामा निजको घर बनाउँदा कोही कसैलाई मर्कापर्ने भए आफुलाई मर्का परेको सबै विवरण खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस कार्यालय/संयुक्त वडा कार्यालयमा उजुर बाजुर गर्न हुन यो सूचना प्रकाशित गरिएको छ । म्यादभित्र पर्न नआएका उजुरीप्रति कुनै कारवाही गरिने छैन ।

**तपसिल :**

**पूर्व जग्गाधनी :** बाटो
**पश्चिम जग्गाधनी :** राम प्रसाद जैसी शर्मा
**उत्तर जग्गाधनी :** अम्बर ब. घर्ति
**दक्षिण जग्गाधनी :** झण्डलाल घर्ति

## घर निर्माण कार्यको लागि सम्झनुहोस्

हामी कहाँ J.C.B. टिपर, ट्र्याक्टर, ढुङ्गा, बालुवा, इट्टा, पानी टेङ्कर, मिक्सर मेशिन, ट्याङ्कर, जनेरेटर, भाइब्रेटर तथा विभिन्न साईजका पिलर फर्मा आदिका लागि सम्झनुहोस् ।
DIN कम्पनिका ब्रेकर समेत बिक्रि गरिन्छ ।



प्रो. शिवराज शाही
**शिवराज सप्लायर्स**
वी.न.पा.-३, सुर्खेत, । फोन ९८५८०४९५३५, ९८१२४३२२००

## घुयँत्रो

# "बिरसिक्का"

काँग्रेसका गगन थापा (पाटि महामन्त्री ) पाटि महाधिबेशन सर्नै दिन्न भनेर हुँक्कार हाल्दैछन । त्यसोत गगन बोल्नु अघिनै शेखरले देउबालाई महाधिवेशन सार्न नपाईने धम्कि दिई सक्याछन । पाटिको सक्रिय सदस्यता वितरण र नविकरणको हल्ला विगत ६ मैनादेखि वडावडामा चल्या सुनिन्थ्यो ऐले त त्यै हल्लानि सुनिन छोड्याछ । महाधिवेशन हुनु अघि जिल्लाधिबेसन गर्नै पर्ने होला । जिल्ला अधिबेसन र महाधिवेशनका लागि पूरा गर्नु पर्ने तयारीतिर ध्यान छैन एकाहोरो तोकिएकै समयमा महाधिवेशन हुन्छ भन्दै भाषणले जिल्ला जिल्लाँ कार्यकर्ता उचाल्ने तर कामको नाममा ढलेको सिन्का नउठाउने हो महाधिबेसन कसरी होला अनि कसरी यिनलाई भोट हाल्ने? यी पोपटाहरुलाईनि कति छान्ने हुनके कार्यकर्ताले नि ! नयाँ जोशजाँगर अनि युवा भनेर नारा लाउँदै हिंडने नेता छान्ने बेलाँ उनै ७० कै छेउछाउका अनि त्यो भन्दानि माथिका छान्ने हो भने त अरुलाई किन छान्नु पर्योतनि त्यै छैटौं पटक प्रधानमन्त्री नभै मर्दिन भन्नेलाईनै नेता बनाईदेत टण्टैसाफ गरेत भैगो नि हैन र ? भारताँ राजीबका सन्तानले काँग्रेसपाटि भन्या आफ्नै पोल्टाको दलहो अरुलाई पर्नै दिनु हुन्न भन्दाभन्दै यो दशा भोग्नु परिरा' छ । जाँ र जैले चुनाब आएनि बिचरा काँग्रेसका उमेदवारको हरिबिजोगछ त्यस्तै हरिबिजोग नेपालाँनि गराएर छोडने दाउमा काँग्रेसका कोईला र गैर कोईरालाहरुको गुठबन्दि र यौटा नेताले अर्को नेतालाई हेर्ने दृष्टिकोण र बोलिबाराबारको ब्यबहारले काँग्रेसप्रति झुकाव राख्ने सर्वसाधारणलाईनि बिचलित बनाएकोछ । पाटि सभापति एकातिर बोल्ने महामन्त्रीहरु अर्कोतिर बोल्ने छाडा संस्कृतिले अब काँग्रेसलाई माथि उठन दिन्न बहुसंख्यक जनताको आशा र भरोसको पाटि नेपाली काँग्रेसलाई ऐलेका नेताहरु जसरि जनतामा अविश्वास पैदा गर्दैछन त्यसलाई हेर्दा अब काँग्रेस एमाले,माओवादि र घण्टी पछिको चौथो दलका रुपमा रहने निश्चित छ चुनाबमा जनतालाई भरोसा दिलाउने कुनैपनि आधार नभएकाले जनताले काँग्रेसबाट मुह मोडनेछन । गिर्जाले माओवादिलाई दिएको ८४ सिट,देउवाले पटकपटक माओवादिसित गरेको गठबन्धनले काँग्रेसलाई पुर्याएको धक्कासितै प्रचण्डले वलिसित मिलेर सरकारमा दिएकोधोका यी सबैको हिसाब किताब जनताले चुनाबमा राम्रोसित गर्ने अबस्था रहेकै बेला महाधिबेसन गर्ने कि नगर्ने बिषयमा देउबा र तिनका बिरोधिहरु आपसि गुठबन्दि र खिचातानिमै रहेको कुरा स्वयं महामन्त्रीले चुनाब सार्न दिन्न भन्नू र कोईराला परिबारहरु एक भएर लाग्नुले काँग्रेस भित्रको खिचलो कैल्यै नसकिने निश्चित छ । यदि ओलिले देउबालाई प्रधानमन्त्री दिएभने देउबा पाटि महाधिवेशन समयमै गराउन तयार हुनेछैनन किनभने महाधिवेशनमा रुष्ट भएकाहरुले आफ्ना मान्छेलाई चुनाबमा हराउन खुलेआम लाग्नेछन ८४ को चुनाब पछि पनि आँफु प्रधानमन्त्री हुने देउबाको ख्वाब भताभुङ्ग हुनेछ ।त्यसैले काँग्रेस भित्र शुरुहुने ऐलेको लडाईं भनेको पाटि एक ढिक्का नभएर २ भागमा विभक्त हुने हो । सँधैभरि गुठबन्दिको खिचलोमा कार्यकर्ता चेपिनुभन्दा आआफ्नो गरेर खानुनै बेसछ । चेतना भया ।

## विज्ञापन दर/रेट सम्बन्धी सूचना

**युगआह्वान राष्ट्रिय दैनिकमा आ.व. २०८१/०८२ मा प्रकाशन हुने विज्ञापनको दर/रेट २०८१ साउन १ तदनुसार 16 July 2024 देखि निम्नानुसार कायम गरिएको सम्पूर्ण विज्ञापनदाता/एजेन्सी एवम् सम्बन्धित सबैमा जानकारी गराइन्छ ।**

### विज्ञापन दर/रेट

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| प्रथम पृष्ठ | रु. २०००/- | रु. १८००/- |
| भित्री पृष्ठ | रु. १५००/- | रु. १२००/- |
| अन्तिम पृष्ठ | रु. १७००/- | रु. १५००/- |

**वर्गीकृत**

| पृष्ठ | रंगिन प्रति सीसी | स्यामस्वेत प्रति सीसी |
|---|---|---|
| वर्गीकृत डिस्प्ले | रु. ३५००/- | रु. १५००/- |
| वर्गीकृत डिस्प्ले (प्रति शब्द) | | रु. ७०/- |

**ज्याकेट १ पेज रू. ८,00,000/-**

नोट: उल्लेखित दर/रेट मू.अ.कर बाहेक

युगआह्वान
www.yugnews.com
निष्पक्षता, निर्भिकता, निरन्तरता...

फोन नं.: ९८५८०५२८१०/९८५८०५५६२७/९८५८०५५६२८
इमेल: yugaawhandainik@gmail.com, yugaawhan@gmail.com

## ९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यवस्था भएको साथै विदेशीसँग कुराकानीको व्यवस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्स्टिच्यूट**
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

## सामेल एग्रिकल्चर प्रा.लि.

वीरेन्द्रनगर-१२, एरपोटको पश्चिम पट्टि, सुर्खेत

SAMEL AGRICULTURE PVT.LTD. SURKHET 2075

हामी कहाँ विभिन्न किसिमका प्लाष्टिक टनेल, नेचुरल भेन्टिलेट, सेमी हाईटेक, हाईटेक तथा नर्सरीका सामग्रीहरु, कृषि औजार, अर्गानिक मल, कृषिका विविध सेवा परामर्श, टनेल निर्माणका लागि हामीलाई सम्झनुहोस् ।



budhakarna287@gmail.com
थप जानकारीका लागि : ९८५८०७१९०२

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके **शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: भवानी छापाखाना, सुर्खेत ।